**अनुसूची १**

(दफा ३ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

हरिनगर गाउँपालिका

# हरिनगर गाउँपालिकाको स्थानीय राजपत्र

खण्डः १ संख्याः २ मितिः २०७५/०४/०८

**भाग-१**

**हरिनगर गाउँपालिका**

# हरिनगर गाउँपालिकाको

# प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५

गाउँसभाबाट पारित मितिः २०७५/०३/०६

प्रमाणिकरण मितिः २०७५/०३/०७

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५/०४/०८

**हरिनगर गाउँपालिका, सुनसरी**

**प्रदेश न. १**

**हरनिगर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५**

**<u>२०७५ सालको ऐन नं. १</u>**

**प्रस्तावना:**नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि

नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हरिनगर गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम हरिनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन हरिनगर गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले हरिनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हरिनगर गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका"भन्नाले हरिनगर गाउँपालिका सम्झनु पर्छ

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका/नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त हरिनगर गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही हरिनगर गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

आज्ञाले

कृष्ण बहादुर कार्की

प्रमुख प्रशासकिय अधिकृत